# आकाशवाणी समाचार- नेपाली

मितिः ०२ दिसम्बर २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदीले श्रीलंकाका राष्ट्रपति अनुरा कुमार दिसानायकेसँग टेलिफोन वार्ता गर्नुभयो ।

२. वित्त मन्त्री निर्मला सीतारमणले अटल पेन्सन योजना आठ करोड़ 34 लाख भन्दा अधिक मानिसहरू जोडिएको बताउनुभयो।

३. विदेशमन्त्री डा. सुब्रमन्यम जयशंकरले भारतले थाइल्यान्डलाई एक महत्त्वपूर्ण छिमेकी तथा दीर्घकालीन मित्रको रूपमा महत्त्व दिने बताउनुभयो।

४. काशी-तमिल संगममको चौथो संस्करण आज उत्तर प्रदेशको वाराणसीमा सुरु हुँदैछ।

५. महिला एफआईएच हक्की जुनियर विश्वकपमा भारतले नामिबियालाई १३-० गोल अन्तरले पराजित गरेको छ ।

**पीएम-श्रीलंका**

प्रधानमन्त्री नरेन्द्र मोदीले श्रीलंकाका राष्ट्रपति अनुरा कुमार दिसानायकेसँग टेलिफोन वार्ता गर्नुभयो । बाचाचीतको क्रममा उहाँले श्रीलंकामा अपरेसन सागर बन्धु अन्तर्गत अलपत्र परेका मानिसहरूलाई राहत र उद्धार प्रदान गरिरहने आश्वासन दिनुभयो। श्री मोदीले भन्नुभयो, भारतले आफ्नो दूरदृष्टि र पहिलो प्रतिक्रियाकर्ताको रूपमा स्थापित स्थितिलाई पछ्याउँदै, आगामी दिनहरूमा पनि श्रीलङ्कालाई आवश्यक सबै सहयोग प्रदान गर्न जारी राख्नेछ।
अर्कोतिर राष्ट्रपति दिसानायकेले आपदापछि भारतले गरेको सहयोगका लागि आभार व्यक्त गर्नुभयो। उहाले उद्धार टोली र राहत सामग्रीको द्रुत प्रेषणको प्रशंसा गर्दै श्रीलङ्काका जनताले भारतलाई सहयोग गर्न समयमै र प्रभावकारी प्रयास गरेकोमा पनि प्रशंसा गर्नुभयो।

**प्रधानमंत्री - संसद**

ससदको शीतकालीन हिजोदेखि शुरु भएको छ यसैबीच प्रधान मन्त्री मोदीले वरिष्ठ सांसदहरूले नयाँ पुस्ताका युवा सांसदहरूलाई अवसर दिनुपर्ने बताउनु भएको छ ।

बाइट

**प्रधानमन्त्री खालिदा जिया**

प्रधानमन्त्री नरेन्द्र मोदीले बंगलादेशकी पूर्व प्रधानमन्त्री बेगम खालिदा जियाको शीघ्र स्वास्थ्यलाभको कामना गर्नु भएको छ। सामाजिक सञ्जालमा पोस्ट गर्दै श्री मोदीले पूर्व बंगलादेशी प्रधानमन्त्रीले धेरै वर्षसम्म देशको सार्वजनिक जीवनमा योगदान पुऱ्याएको उल्लेख गर्नु भएको छ। प्रधानमन्त्री श्री मोदीले भन्नु भयो, भारत सबै सम्भावित सहयोग प्रदान गर्न तयार छ।

**राज्यसभा-सभापति**

राज्यसभाका सभापति सी.पी. राधाकृष्णनले संविधानको मर्यादा कायम गर्न, स्थापित मान्यतालाई पालना गर्न र संसदीय आचरणको सीमालाई सम्मान गर्न सांसदलाई आग्रह गर्नुभयो । सभापतिले हिजोम सुरु भएको शीतकालीन सत्रको पहिलो दिन यस्तो मन्तव्य राख्नुभएको हो ।

अध्यक्षका हैसियतले पहिलो पटक राष्ट्रियसभाको कार्यभार सञ्चालन गर्दै उहाँले जनताको चाहना पूरा गर्न पूर्ण प्रतिबद्धताका साथ काम गर्नु सांसदको कर्तव्य भएको बताउनु भयो। उहाँले, 'लोकतान्त्रिक व्यवस्थामा मात्र मानिस सामान्य जीवनबाट सार्वजनिक जीवनमा उच्च पदमा पुग्न सक्छ। अध्यक्षले भन्नुभयो, राष्ट्रलाई मार्गदर्शन गर्ने र सामूहिक निर्णय लिने सर्वोच्च मञ्च संसद् भएकाले जनताले संसद्लाई ठूलो आशाका साथ हेर्छन्। यसको साथमा उहाँले उपराष्ट्रपति र राज्यसभाको अध्यक्षको रूपमा राष्ट्रको सेवा गर्न पाउनु आफ्नो लागि सम्मान र सौभाग्य भएको बताउनु भयो। यसभन्दा अघि प्रधानमन्त्री नरेन्द्र मोदीले अध्यक्ष राधाकृष्णनलाई स्वागत गर्दै भन्नुभयो, "साधारण पृष्ठभूमिबाट श्री राधाकृष्णन उपराष्ट्रपति पदमा आउनुले देशको लोकतान्त्रिक प्रणालीको वास्तविक शक्ति देखाउँछ।

सदनका नेता श्री जेपी नड्डाले श्री राधाकृष्णनको नेतृत्वमा सबैभन्दा ठूलो लोकतन्त्रको माथिल्लो सदनको कार्यवाही सहज रूपमा हुने विश्वास व्यक्त गर्नुभयो। यस्तै राज्यसभामा विपक्षी दलका नेता मल्लिकार्जुन खर्गेले कि राधाकृष्णन निष्पक्ष हुनेछन् र विपक्षी र ट्रेजरी बेन्चलाई समान व्यवहार गर्ने विश्वास व्यक्त गरे गर्नुभयो।

यसअघि वित्त मन्त्री निर्मला सीतारमणले राज्यसभामा २०२५-२६ का लागि अनुदानका पूरक मागहरू प्रस्तुत गर्नुभयो। २०२५ को आइसिसी महिला विश्वकप र **महिला टी20 क्रिकेट दृष्टिबाधित विश्व कप** जितेकोमा भारतीय महिला क्रिकेट टोलीलाई बधाई पनि सदनले जनाएको छ। सदनले महिला कबड्डी टोलीलाई विश्वकप २०२५ को उपाधि जितेकोमा बधाई दिएको छ।

**सदनले विभिन्न राज्य र केन्द्र शासित प्रदेशहरूमा मतदाता नामावलीको** विशेष गहन पुनरीक्षण-एस.आई.आरमा **चर्को बहस भयो। कांग्रेस, तृणमूल कांग्रेस, डीएमके र अन्य विपक्षी दलहरूले यस विषयमा छलफलको माग गरेका छन्। विपक्षको मागको जवाफ दिँदै संसदीय मामिला मन्त्री किरेन रिजिजूले सरकार एसआईआरमा छलफलका लागि तयार रहेको र विपक्षीको मागमाथि विचार भइरहेको आश्वासन दिनुभयो।**

यस अघि बिहान ११ बजे सदनको कार्यवाही सुरु हुँदा जम्मू-कश्मीर नेशनल कन्फ्रेन्सका गुरविन्दर सिंह ओबेरोय, चौधरी मोहम्मद रमजान र सज्जाद अहमद किचलले माथिल्लो सदनमा सांसदको रूपमा शपथ लिएका थिए।

**अटल पेंशन योजना**

वित्त मन्त्री निर्मला सीतारमणले हिजो लोकसभामा एक प्रश्नको जवाफमा अटल पेन्सन योजना आठ करोड़ 34 लाख भन्दाअधिक मानिसहरू जोडिएको बताउनुभयो। यीमध्ये ४८ प्रतिशत महिला छन्।

मई २०१५ मा सुरु गरिएको यस योजनाको उद्देश्य नागरिकहरू, विशेष गरी असंगठित क्षेत्रका नागरिकहरूलाई विश्वव्यापी सामाजिक सुरक्षा प्रणालीको माध्यमबाट सशक्त बनाउनु हो। यो योजना १८ देखि ४० वर्ष उमेर समूहका ती नागरिकहरुका लागि हो जसको बैंक वा डाकघरमा बचत खाता छ। लाभार्थीहरुले ६० वर्षको उमेरपछि पेन्सन सुविधा प्राप्त गर्न सक्नेछन्। यी फाइदाहरु सन् २०३५ देखि शुरु हुने सम्भावना छ।

वित्त मंत्रीले सदनलाई सरकार र पेंशन निधि नियामक तथा विकास प्राधिकरणले गरेका धेरै पहलहरूले यस योजनाको बारेमा जागरूकता बढाएको र यसलाई अपनाउनेमा गति आएको बताउनुभयो। यसमा छापा, विद्युतीय र सामाजिक सञ्जालमा नियमित विज्ञापन, १३ स्थानीय भाषामा योजना पुस्तिकाको उपलब्धता, बैंकिङ संवाददाता, स्वयं सहायता समूह र अन्य क्षेत्रीय कार्यकर्ताहरूका लागि क्षमता अभिवृद्धि कार्यक्रमहरू समावेश छन्।

**जयशंकर - थाईलैंड**

विदेशमन्त्री डा. सुब्रमन्यम जयशंकरले भारतले थाइल्यान्डलाई एक महत्त्वपूर्ण छिमेकीका साथै दीर्घकालीन मित्रको रूपमा महत्त्व दिने बताउनुभयो। नयाँ दिल्लीमा थाइल्याण्डका विदेशमन्त्री सिहासक फुआंगकेटकेओ सँगको भेटमा डा. जयशंकरले भारत र थाइल्यान्डबीच ऐतिहासिक रूपमा घनिष्ठ र मैत्रीपूर्ण सम्बन्ध रहँदै आएको बताउदै भारतको 'एक्ट इस्ट' नीति थाइल्यान्डको 'एक्ट वेस्ट' नीतिसँग मेल खाने बताउनु भयो।

विदेशमन्त्रीले थाइल्याण्डकी महारानी सिरिकितको निधनप्रति दुःख व्यक्त गर्नुभएको छ। उहाँले भारत र थाइल्यान्ड दुवैलाई प्रभावित पार्ने द्रुत गतिमा बदलिँदो भूराजनीतिक र भू–आर्थिक वातावरणलाई मध्यनजर गर्दै दुई देशबीच महत्वपूर्ण विषयमा नियमित विचार आदानप्रदान धेरै उपयोगी हुने बताउनुभयो। यसै वर्षको अप्रिलमा बिम्स्टेक शिखर सम्मेलनको समयमा प्रधान

मन्त्री नरेन्द्र मोदीको बैंकक भ्रमणका क्रममा भारत र थाइल्यान्डबिच ह्यान्डलुम र हस्तशिल्प, डिजिटल प्रविधि, एमएसएमई र समुद्री संसाधनका क्षेत्रमा धेरै सम्झौताहरूमा हस्ताक्षर भएका थिए।

## काशी तमिल संगमम

काशी-तमिल संगममको चौथो संस्करण आज उत्तर प्रदेशको वाराणसीमा सुरु हुँदैछ। केन्द्रीय शिक्षा मन्त्री धर्मेन्द्र प्रधान र उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथले संयुक्त रूपमा कार्यक्रमको उद्घाटन गर्ने कार्यक्रम रहेको छ। यसको उद्देश्य उत्तर र दक्षिणबीचको सम्बन्धलाई बलियो बनाउनु हो। काशी-तमिल संगममको भव्य उद्घाटन समारोह आज साँझ नमो घाटमा हुनेछ।

**[वायसकास्ट - सुशील]**

## सरस आजीविका मेला

केन्द्रीय ग्रामीण विकास मन्त्री शिवराज सिंह चौहानले हिजो राष्ट्रिय राजधानीको सुन्दर नर्सरीमा आयोजित सरस आजीविका फ़ूड फेस्टिवल 2025 को उद्घाटन गर्नुभयो। सरस आजीविका फुड फेस्टिभलमा देशभरका २५ राज्यका सेल्फ हेल्प ग्रुपका लगभग तीन सौ लखपति दीदिहरु सहभागी भएका छन्। मेलामा ६२ वटा स्टल राखिएको छ भने ५० स्टलबाट ताजा खाना र १२ स्टलबाट प्राकृतिक खाद्य पदार्थ उपलब्ध गराइएको छ। मेलामा हरियाणा, अरुणप्रदेश, महाराष्ट्र, केरला, आसाम, उत्तर प्रदेश, उत्तराखण्ड, गोवा र गुजरातको सहभागिता रहनेछ।

## एनआईए - खोजी

दिल्ली कार बम विस्फोटको अनुसन्धानको एक भागको रूपमा राष्ट्रिय अनुसन्धान एजेन्सीले जम्मू कश्मीर र उत्तर प्रदेशका धेरै स्थानहरूमा खोजी कार्य गरेको छ। एजेन्सीले जम्मू कश्मीरको शोपियान, कुलगाम, पुलवामा र अवन्तीपोरामा आठ स्थानहरू र लखनऊको एक स्थानमा खोजी कार्य गरिएको रिपोर्ट गरेको छ। खोजी कार्यको क्रममा डिजिटल उपकरणहरू र अन्य आपराधिक सामग्रीहरू जफत गरिएको थियो।

गत महिना, एजेन्सीले हरियाणाको फरीदाबादस्थित अल फलाह विश्वविद्यालय क्याम्पसमा प्रमुख अभियुक्त डा. मुजम्मिल शकील घानी र डा. शाहीन सईदको परिसर र अन्य स्थानहरूमा पनि खोजी कार्य गरेको थियो। यस मुद्दामा हालसम्म सात प्रमुख अभियुक्तहरूलाई पक्राउ गरिएको छ। एजेन्सीले दिल्ली बम विस्फोटमा संलग्न प्रत्येक अभियुक्तलाई पक्राउ गर्न विभिन्न राज्य पुलिस बलहरूसँग सहकार्य गरिरहेको छ।

## भारत अध्यक्ष आइडिया

भारतलाई पहिलो पटक अंतर्राष्ट्रीय लोकतंत्र र चुनाव सहायता संस्थानको अध्यक्षताका लागि आमन्त्रित गरिएको छ। भारतीय पक्षबाट मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारले भोलि स्वीडेनको स्टकहोममा हुने कार्यक्रमको अध्यक्षता गर्नुहुनेछ। श्री ज्ञानेश कुमारले भन्नुभयो, आज सम्पूर्ण विश्वले स्वतंत्र, निष्पक्ष र पारदर्शी चुनावहरूको सफल सञ्चालनको लागि भारतलाई मान्यता दिन्छ र स्वीकार गर्दछ। उहाँले भन्नुभयो, यो भारतका सबै नागरिक र निर्वाचन कार्यकर्ताहरूका लागि गर्वको क्षण हो।

सन् १९९५ मा स्थापना भएको अन्तर्राष्ट्रिय आइडिया एक अन्तरसरकारी संस्था हो जसमा अमेरिका र जापानसहित ३७ वर्तमान सदस्यहरू पर्यवेक्षकको रूपमा छन्। भारत यसको संस्थापक सदस्य हो।

## नागालैंड - हॉर्नबिल महोत्सव

नागाल्याण्डको किसामा स्थित नागा हेरिटेज भिलेजमा २६ औँ हर्नबिल महोत्सवको हिजो भव्य रुपमा सुरुवात भएको छ। दस दिनसम्म चल्ने महोत्सवको औपचारिक उद्घाटन प्रमुख अतिथि राज्यपाल अजय कुमार भल्ला र आयोजक मुख्यमन्त्री नेइफिउ रियोले परम्परागत गोंग बजाएर गरेका थिए।

**महिला हॉकी-जूनियर विश्व कप**

चिलीको सान्टियागोमा भएको महिला एफआईएच हक्की जुनियर विश्वकपमा भारतले नामिबियालाई १३-० गोल अन्तरले पराजित गरेको छ। हिना बानु र कनिका सिवाचले तीन–तीन गोल गरे भने साक्षी रानाले दुई गोल गरे। उसका लागि विनिमा धन, सोनाम, साक्षी शुक्ला, इशिका र मनिषाले एक–एक गोल गरे। जितसँगै भारत तालिकाको शीर्ष स्थानमा पुगेको छ। भारतको समूह 'सी' मा जर्मनी, आयरल्यान्ड र नामिबिया रहेका छन्।

****** ० ******